सुनापति गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रामेछाप, बागमती प्रदेश, नेपाल

विपद् जोखिम नियन्त्रण र न्यूनीकरण योजना

Disaster Risk Reduction and Management Plan

अन्तिम प्रतिवेदन

२०८२

विषय सूची

परिच्छेद - एक प्रारम्भिक १

१.१ पृष्ठभूमि.....१

१.२ योजनाको उद्देश्य.....१

१.३ नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था.....२

१.४ विषयक्षेत्र तथा कार्य जिम्मेवारी.....२

१.४.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र.....२

१.४.२ खाद्य तथा कृषि क्षेत्र.....३

१.४.३ स्वास्थ्य तथा पोषण क्षेत्र.....३

१.४.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र.....३

१.४.५ आपत्कालीन आश्रय तथा गैर—खाद्य सामग्री क्षेत्र.....३

१.४.६ संरक्षण तथा सूरक्षा क्षेत्र.....३

१.४.७ आपत्कालीन शिक्षा क्षेत्र.....४

१.४.८ शीघ्र पुनर्लाभ क्षेत्र.....४

परिच्छेद — दुई गाउँपालिकाको परिचय.....५

२.१ अवस्थिति.....५

२.२ प्रशासनिक सिमा.....६

२.३ गाउँपालिका जोड्ने मुख्य नाकाहरु.....७

२.४ प्राकृतिक स्रोतहरु.....७

२.५ वनक्षेत्र.....८

२.६ जडीबुटी.....८

२.७ माटोको अवस्था.....८

२.८ भौतिक पूर्वाधार.....९

२.९ सडक.....९

२.१० राजमार्ग सञ्जालमा गाउँपालिका.....९

२.११ बिजुलीमा पहुँचः.....१०

२.१२ पर्यटकीय अवस्था.....१०

२.१३ स्थानीय चाडपर्व तथा जात्रा र मेलाः ११
२.१४ खानेपानीको सोत ११
२.१५ घरको प्रकृत्ति १२
२.१६ घरको छानाको प्रकृत्ति १२
२.१७ चर्पीको प्रयोग १२
२.१८ इन्धनको प्रयोग १२
२.१९ वैदेशिक रोजगारीमा गाउँपालिकाको जनशक्ति १२
२.२० स्वास्थ्य सेवाको अवस्था १३
२.२१ गाउँपालिकाको शिक्षाको अवस्था १३
२.२२ सहकारी संस्थाहरु १४
परिच्छेद - तीन विपद् व्यवस्थापन योजना १५
३.१ गाउँपालिकामा विद्यमान प्रमुख प्रकोपहरु १५
३.२ विगतका विपद्को अवस्था विश्लेषण र जोखिमयुक्त क्षेत्र १५
३.३ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र १६
३.४ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण १८
३.५ पूर्वसूचना प्रणालीको अवस्था १९
परिच्छेद - चार सुनापति गाउँपालिकाको विपद् जोखिम नियन्त्रण र न्यूनीकरण योजना २०
परिच्छेद - पाँच पूर्वतयारी तथा प्रतिकार्य योजना २३
५.१ सामान्य पूर्वतयारी योजना २३
५.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना २३
५.१.२ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना २५
५.१.३ स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना २६
५.१.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना २७
५.१.५ आपत्कालीन आश्रय र गैर—खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना २८

५.१.६ संरक्षण तथा सूरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना.....२९
५.१.७ आपत्कालीन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी योजना.....३०
५.१.८ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना.....३०
५.२ पूर्वानूमानमा आधारित पूर्वतयारी योजना ३१
५.२.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ३१
५.२.२ खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ३२
५.२.३ स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ३३
५.२.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ३४
५.२.५ आपत्कालीन आश्रय र गैर—खाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ३४
५.२.६ संरक्षण तथा सूरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना.....३५
५.२.७ आपत्कालीन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ३६
५.२.८ शीघ्र पुनर्लाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना.....३७
५.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना ३७
५.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना.....३७
५.३.२ खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना ३९
५.३.३ स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना ३९
५.३.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना.....४०
५.३.५ आपत्कालीन आश्रय र गैर—खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना ४१
५.३.६ संरक्षण तथा सूरक्षा क्षेत्रको प्रतिकार्य योजना.....४१
५.३.७ आपत्कालीन शिक्षा क्षेत्रको प्रतिकार्य योजना ४२
५.३.८ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना ४२
परिच्छेद - छ विपद् व्यवस्थापन योजनाको रणनीति तथा कार्यनीति ४४
६.१ स्रोत-साधनको वर्तमान अवस्था..... ४७
६.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता..... ४९
६.३ बन्दोबस्ती सामग्रीको आंकलन..... ४९

६.३.१ गैर—खाद्य सामग्री भण्डारण स्थल ४९
६.३.२ मानवीय सहायता स्थल ४९
६.४ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत ५०
परिच्छेद - सात विविध ५२
७.१ स्रोत साधनको व्यवस्थापन ५२
७.२ अन्य निकायसँगको समन्वय र सहकार्य ५२
७.३ अनुगमन, मूल्याङ्कन तथा सिकाई ५३
७.३.१ लक्ष्य र सूचकहरू ५३
७.३.२ अनुगमन, मूल्याङ्कन र योजनाको परिमार्जन ५४
७.४ क्षमता विकास रणनीति र योजना ५५
सन्दर्भ सामग्री ५५
अनुसूचीहरू ५७
अनुसूची-१ स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधिकारीहरूको विवरण ५७
अनुसूची-२ विषयक्षेत्रका संयोजक तथा पदाधिकारीहरूको विवरण ५८
अनुसूची-३ गाउँपालिकाको नक्सा तथा छलफल गरिएका फोटोहरू ५९

परिच्छेद - एक
प्रारम्भिक

१.१ पृष्ठभूमि

नेपालको संविधानले विपद् व्यवस्थापन स्थानीय तहको एकल अधिकार सूचीको रुपमा सूचीकृत गरेको छ। संवैधानिक व्यवस्था कार्यान्यवयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा नीति, ऐन, नियम तथा निर्देशिकाहरु तर्जुमा भएका छन्। साथै विपद् व्यवस्थापनका लागि केन्द्र देखि समुदाय तहसम्म विभिन्न संस्थागत संरचना गठन गरी क्रियाशील रहेका छन्। स्थानीय विपद् व्यवस्थापन समिति पनि यस्तै संरचना मध्येको एक हो। स्थानीय तहमा हुने विपद् व्यवस्थापनको सन्दर्भमा यस समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ। स्थानीय तहमा गरिने विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट सम्पन्न गर्न समितिले यस सम्बन्धी छुट्टै योजना तर्जुमा गर्नु पर्ने हुन्छ। विद्यमान कानूनी व्यवस्था अनुरुप समेत स्थानीय तहले विपद् व्यवस्थापन योजना तर्जुमा गर्न आवश्यक रहेको छ।

जलवायु परिवर्तन तथा अन्य विभिन्न कारणबाट संसारमा प्रकोप जोखिमको अवस्थामा वर्षेनी बृद्धि हुने गरेको छ। सुनापति गाउँपालिका पनि यस्ता प्रकोप जोखिमहरुबाट अछुतो रहन सकेको छैन। सुनापति गाउँपालिकामा विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न, विपद्को प्रतिकार्य र पुनर्लाभलाई गति दिन र यस कार्यमा सरोकारवालाहरु बीचको समन्वयलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन योजना तर्जुमा गर्न आवश्यक देखिएको छ।

प्रस्तुत सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) र अनुरूप सुनापति गाउँपालिकाले यो विपद् व्यवस्थापन योजना तयार गरेको छ।

१.२ योजनाको उद्देश्य

सुनापति गाउँपालिकामा विपद् व्यवस्थापनलाई प्रभावकारी बनाई सम्भावित जनधनको क्षति कम गर्नु यस योजनाको प्रमुख उद्देश्य हो। यसका अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

(क) विपद् जोखिम क्षेत्रको पहिचान गरि उक्त क्षेत्रमा भविष्यमा जोखिम न्युनिकरण गर्न सहजता प्रदान गर्ने

(ख) विपद् प्रतिकार्यका लागि विषयक्षेत्रहरूको भूमिका तथा जिम्मेवारी निर्धारण गर्नु,

(ख) विपद् प्रतिकार्यका लागि मुख्य जिम्मेवार तथा सहयोगी निकायहरूको पहिचान र अद्यावधिक गर्नु,

(ग) विपद्को लेखाजोखा, जोखिम नक्साङ्कन, विगतमा घटेका विपद्का घटनाहरुको तथ्याङ्क सङ्कलन र विश्लेणका आधारमा जोखिम सूचित योजना तर्जुमा गर्नु,

(घ) विपद् प्रतिकार्यका लागि सामान्य पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यका क्रियाकलापहरू तय गर्नु र

(ङ) विपद् प्रतिकार्यका लागि हाल उपलब्ध स्रोत, साधन र जनशक्तिको लेखाजोखा एवम् सम्भावित विपद्को सामना गर्न आवश्यक क्षमताको आंकलन, प्रक्षेपण र प्रवन्ध गर्नु।

१.३ नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को आधारमा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ। समितिमा हाल रहेका पदाधिकारीहरूको विवरण **अनुसूचीमा** संलग्न छ। स्थानीय विपद् व्यवस्थापन समिति अन्तर्गत ८ वटा विषयक्षेत्र हेर्न अगुवा संस्था तोकी सम्बन्धित विषयक्षेत्रको योजना तर्जुमा र समन्वयको जिम्मेवारी प्रदान गरिएको छ।

सुनापति गाउँपालिकामा वातावरण तथा विपद् व्यवस्थापन शाखा/इकाई स्थापना गरिएको छ। ५ वटा वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ। सुनापति गाउँपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ। सो कोषमा आर्थिक वर्ष २०८१-८२ मा गाउँपालिका र अन्य श्रोतबाट गरी रकम रु. २० लाख राखिएकोमा २०८१ असोजमा आएको बाढी, पहिरोको कारण ४० लाख भन्दा बढी खर्च भएको र हाल १ लाख ८० हजार जम्मा भएको छ। कोष सञ्चालन तथा परिचालनको लागि स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि तर्जुमा गरिएको छ। यस वाहेक गाउँपालिकामा विपद् व्यवस्थापन सम्बन्धी नीति, ऐन, नियम, मार्गदर्शन तथा आवश्यक मार्गदर्शनहरू बन्ने क्रममा रहेका छन्।

१.४ विषयक्षेत्र तथा कार्य जिम्मेवारी

सुनापति गाउँपालिकाले विपद् व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयनका लागि देहाय बमोजिमका ८ वटा विषयक्षेत्र निर्धारण गरी देहाय बमोजिमका कार्य जिम्मेवारी प्रदान गरेको छः

१.४.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र

यस विषयक्षेत्रले विपद्को समयमा सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय कायम गर्ने, विपद्को अवस्था आउनसक्ने पूर्वसूचना प्राप्त भएपछि स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने, प्रकोपको कारण समस्यामा परिरहेका वा घाईतेलाई उद्धार गर्ने, हराएकाहरूको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन (वा हस्तान्तरण) को प्रवन्ध मिलाउने, पीडितहरूलाई राहत वितरण गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ।

१.४.२ खाद्य तथा कृषि क्षेत्र

यो विषयक्षेत्रले विपद्को अवस्थामा पीडितहरूलाई तत्काल खानेकुरा, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, खानेकुरा पकाउनको लागि आवश्यक प्रवन्ध मिलाउने र कृषि क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने जिम्मेवारी निर्वाह गर्नेछ।

१.४.३ स्वास्थ्य तथा पोषण क्षेत्र

यस विषयक्षेत्रले विपद्मा घाईते भएकाहरूको प्राथमिक उपचार गर्ने, महामारी हुनबाट बचाउने विधिहरू अवलम्वन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएका विरामी वा घाईतेलाई अस्पतालसम्म पुऱ्याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने, महिला तथा बालबालिकामा पोषणको कमी भएमा त्यसबाट हुनसक्ने समयस्याबारे पीडित र सरोकारवालालाई सचेत गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ। साथै यस विषयक्षेत्रले कोभिड-१९ लगायतका महाव्याधीको संक्रमण, रोकथाम र व्यवस्थापनको कार्य समेत गर्नेछ।

१.४.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र

यस विषयक्षेत्रले विपद्को अवस्थामा खानेपानी आपूर्ति गर्ने, विपद्का कारण ढलेका बोटबिरूवाहरू हटाउने, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरू सरसफाई गर्ने, मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्ने, व्यक्तिगत सरसफाईको लागि स्वच्छता सम्बन्धी सरसामानहरू (जस्तैः हाईजिन किट, पियुष, क्लोरिन, डस्टविन) उपलब्ध गराउने जिम्मेवारी निर्वाह गर्नेछ।

१.४.५ आपत्कालीन आश्रय तथा गैर–खाद्य सामग्री क्षेत्र

यो विषयक्षेत्रले विपद्को कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थामा रहेका पीडितहरूलाई आपत्कालीन आश्रय वा बासको लागि अस्थायी संरचना निर्माण गर्ने, पीडितहरूलाई त्रिपाल, भाँडाकुँडा, लत्ताकपडा जस्ता गैर—खाद्य सामग्री वितरण गर्ने जिम्मेवारी निर्वाह गर्नेछ।

१.४.६ संरक्षण तथा सूरक्षा क्षेत्र

यस विषयक्षेत्रले विपद्को समयमा महिला, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, बृद्धबृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूको आवश्यकता बमोजिमका सरसामानहरू जस्तैः सेनेटरी प्याड, खेलकुदका सामान आदि उपलब्ध गराउने, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ।

१.४.७ आपत्कालीन शिक्षा क्षेत्र

यस विषयक्षेत्रले विपद्को कारण विद्यालय तीन दिनभन्दा बढी बन्द भएमा विद्यार्थीहरूलाई आपत्कालीन शिक्षाको व्यवस्था गर्ने, प्रकोपले विद्यार्थीको पठनपाठनका शैक्षिक सामग्री हराए वा क्षति पुऱ्याएमा सोको व्यवस्था गर्ने र विद्यालयको शिक्षण सामग्रीहरू नष्ट भएमा पुनः व्यवस्था गर्ने जिम्मेवारी निर्वाह गर्नेछ।

१.४.८ शीघ्र पुनर्लाभ क्षेत्र

यस विषयक्षेत्रले विपद्को कारण अवरूद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तैः सडक, विद्युत, खानेपानी, टेलिफोन) तत्काल सुचारू गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने, सामाजिक आर्थिक पूर्वाधार र अवस्थालाई चलायमान बनाई जनजीवनलाई सामान्य बनाउने जिम्मेवारी निर्वाह गर्नेछ।

विषयगत क्षेत्रका संयोजकहरुको विवरण अनुसूचीमा समाबेश गरिएको छ ।

परिच्छेद – दुई
गाउँपालिकाको परिचय

२.१ अवस्थिति

मुलुकमा संघीय शासनव्यवस्था लागू भएपछि वि.सं. २०७३ चैत्र २७ गतेदेखिसुनापती गाउँपालिका अस्तित्वमा आएको हो । रामेछाप जिल्लाको पश्चिम क्षेत्रमा रहेको साबिकको हिलेदेवी, बेथान र खनियापानी गाउँ विकास समितिको संगमस्थलको रुपमा सुनापाती डाँडा रहेको छ । यस डाँडामा सुनको खानी रहेको र सोही तथ्यको आधारमा सुनापती नामाकरणगरिएको इतिहास रहेको छ ।सोही ऐतिहासिक धार्मिक, सांस्कृतिक पर्यटकीय गन्तव्य सुनापती डाँडाको नामबाट यस गाउँपालिकाको नाम सुनापती गाउँपालिका राखिएको हो ।

देशभर खानीहरुको सम्भाव्यता अध्ययन गर्ने क्रममा सुनापती डाँडामा पनि अध्ययन भएको अभिलेखकै आधारमा सुनापतीमा सुनको खानी रहेको विषय विद्यालयको पाठयक्रममा समावेश गरिएको छ । समुद्री सतहबाट २५ सय मिटर उचाइमा रहेको सुनापती डाँडा भौगोलिक दृष्यावलोकनको लागि निकै आकर्षक मानिन्छ । यस डाँडामा रहेको महादेव मन्दिरबाट स्थानीय मानिसहरुले सामाजिक कार्यमा आवश्यक पर्ने भाँडाकुडा प्राप्त गर्ने गरेको किम्बदन्ती रहेको छ । सुनापती डाँडाबाट एउटा सुनको मुस्लो भ्वासाँ खोला हुँदै सुनकोसीमा पुगेको र अर्को चाही बेथान हुँदै खानीखोलामा पुगेको किम्बदन्ती पनि रहेको छ । खानी विभागको तथ्याङ्कअनुसार पनि सुनापति डाँडामा सुन रहेको तथ्याङक रहेको छ ।

सुनापती डाँडा हिन्दु र बौद्धदुवै धर्मालम्बीको संगमस्थल हो । सुनापती डाँडामा हिन्दू धर्मावलम्बीहरुको महादेव मन्दिर छ भने बौद्ध धर्मावलम्बीहरुको करीब १०४ वर्ष पुरानो ऐतिहासिक माने (छ्योर्तेन) पनि छ ।सुनापती डाँडासँग रहेको १०८ लहरे माने यहाँको अर्को आकर्षण हो । यहाँ रहेका लहरे मानेहरु ऐतिहासिक सम्पदाको रुपमा पुरातात्कि विभागमा समेत सूचीकृतछ । तर,बौद्ध धर्मावलम्बीहरुको आस्थाको केन्द्र ऐतिहासिक पहिचान बोकेको यहाँका मानेहरुको आवश्यक संरक्षण हुन नसकेका कारण अहिले भग्नावषेश मात्र बाँकी छ । काखैमा रहेको लोपन्मुख ह्योल्मो लामाहरुको बस्ती रहेको छ । जहाँ ह्योल्मोहरुको प्राचीन एतिहासिक महत्व बोकेको गुम्बा पनि रहेको छ, जहाँ वर्षेनी कार्तिक पूर्णिमामा ठूलो धार्मिक मेला लाग्छ ।बौद्धधर्मावलम्बी ह्योल्मो बस्तीमा काटमार गर्ने पाइदैन । शान्तिको प्रतिकको रुपमा पनि ह्याल्मो बस्तीलाई लिने गरिन्छ । त्यस्तै सुनापती डाँडामा रहेको महादेव मन्दिरमा भाद्र पूर्णिमाका दिन हिन्दू धर्मावलम्वीहरुको ठूलो मेला लाग्ने गर्दछ । यसरी धार्मिक सांस्कृतिक संगमस्थलको रुपमा सुनापती रहेको छ । यहीस प्राकृतिक, धार्मिक, सांस्कृतिक विविधताले भरिपूर्ण सुनापतीकै नाममा गाउँपालिकाको नामाकरण गरिएको कारण पनि सबैले गाउँपालिकाको नाममा अपनत्वबोध गरेका छन् । सुनापती

गाउँपालिका पहाडी भूभागले भरिएको छ । रामेछाप जिल्लामा रहेका आठ स्थानीय तहमध्ये एक सुनापती गाउँपालिका साबिकको गुन्सी, दिमीपोखरी, हिलेदेवी, बेथान र खनियापानी गाविसलाई समायोजना गरी गठन गरिएको हो ।यस गाउँपालिकाअन्तर्गत कूल पाँचओटा वडाहरू रहेका छन्।

चित्र १: सुनापति गाउँपालिकाको स्थलाकृत नक्शा

२.२ प्रशासनिक सिमा

सुनापति गाउँपालिकाको कूल क्षेत्रफल ८६.९८ वर्गकिलोमिटर रहेको छ । यस पालिका हिऊँ पर्ने उच्च पहाडी क्षेत्रदेखि सुनकोशी किनारसम्म फैलिएको छ । सुनापती गाउँपालिका समुद्री सतहबाट ६०० देखि २३०० मिटरको उचाईसम्म फैलिएको छ । मौसम विभागको तथ्याङ्क अनुसार यसको वार्षिक औसत तापक्रम १७.४ डिग्री सेल्सियस र औसत वर्षा १३१५ एमएम रहेको छ । सुनापती गाउँपालिकाको सुनकोसी नदीबाट उच्च भागमा सुनापती डाँडा र अग्लेश्वरी रहेको छ ।

सुनापती गाउँपालिकाको उत्तरमा दोरम्बा गाउँपालिका, दक्षिण र पूर्वमा खाँडादेवी गाउँपालिका र पश्चिममा काभ्रे जिल्लासँग सीमाना जोडिएको तेमाल गाउँपालिका र चौरी देउराली गाउँपालिकासँग सीमाना जोडिएको छ ।सुनापती गाउँपालिका र काभ्रे जिल्लाको सीमाना सुनकोशी नदी र चौरी खोलाले निर्धारण गरेको छ ।

क्र.सं.	नयाँ वडा	समावेश गाविस / नगरपालिका	जनसंख्या	क्षेत्रफल(वर्ग कि.मी.)
१	१	गुन्सी(१-७)	३३२५	१४.९५
२	२	दिमिपोखरी(१-९)	३०७३	१६.४९
३	३	हिलेदेवी(१-९)	३०३१	१४.६४
४	४	वेथान(१-९)	४६३७	१८.०४
५	५	खनियापानी(१-९)	४०७५	२०.९७
	जम्मा		१८१४१	८५.०९

२.३ गाउँपालिका जोड्ने मुख्य नाकाहरु

सुनापती गाउँपालिकाबाट काभ्रे जिल्ला, काभ्रे र सदरमुकाम मन्थली जोड्ने मुख्य तीनओटा नाकाहरु रहेका छन् । गाउँपालिकाबाट विशेषगरी काठमाडौंसँग जोड्ने मुख्य नाका सुनापती र खाँडादेवी गाउँपालिकाको संगमस्थल लुभु हो । लुभुबाट बीपी राजमार्ग हुँदै गाउँपालिकाका मानिसहरु राजधानी काठमाडौंका साथै सिन्धुली र तराईसम्म सहजै आवतजावत गर्न सक्छन् । त्यसैगरी सुनापती गाउँपालिकाबाट पूर्वतर्फ खाँडादेवीको गाल्वा हुँदै जिल्ला सदरमुकाम मन्थलीसम्म पुग्न सकिन्छ । यसैगरी गाउँपालिकाबाट उत्तरपूर्वमा रहेको चौंरीदेउराली गाउँपालिका हुँदै काभ्रे र छिमेकका अन्य जिल्लाहरुसम्म पुग्न सकिन्छ ।

स्रोतः पालिका पार्श्वचित्र २०७४

२.४ प्राकृतिक स्रोतहरु

सुनापती गाउँपालिकाका प्राकृतिक स्रोत र साधनले धनी छ । जल, जमिन र जङ्गल नै गाउँपालिकाको प्राकृतिक स्रोत हुन् । सुनकोशी नदी, चौरी खोला, खानीखोला यस गाउँपालिकामा रहेका मुख्य जलस्रोतका आधार हुन् भने कामा खोला, गोपी खोला, भ्वाँसा खोलालगायतका खोलानाला पनि यहाँको पानीको स्रोतहरु हुन् । यद्यपि, गाउँपालिकामा सिँचाइका लागि पर्याप्त पानीको स्रोत र उपलब्धता नभएका कारण यहाँका किसानहरु आकाशे पानीकै भरमा कृषि पेसा गर्दै आइरहेका छन् । यसका साथै गाउँपालिकाभित्र पर्याप्त खानेपानीका स्रोत नभएका कारण केही वडामा खानेपानीको पनि समस्या हुँदै आएको छ । वि.सं. २०७२ वैशाख १२ गतेको भुकम्पको कारण कतिपय खानेपानीका प्राकृतिक मुहान सुकेका कारण पनि खानेपानीको अभाव हुन गएको छ । त्यसैले बिकल्पको रुपमा गाउँपालिकाले सुनकोशी, चौरीखोला, खानीखोलालगायतको खोला तथा नदीबाट खानेपानी उपलब्ध गराउने बिकल्प अगाडि सारेको छ ।

२.५ वनक्षेत्र

गाउँपालिकाको जम्मा भूगोलमध्ये २४.५ वर्गकिलोमिटर अर्थात २९ प्रतिशत भाग वनक्षेत्रले भरिएको छ । स्थानीय समुदायले वन उपभोक्ता समूह गठन गरेर वनजंगल क्षेत्रको संरक्षण गर्ने काम स्थानीय समुदायले गरिरहेका छन् । यसरी वनक्षेत्रको संरक्षणका लागि गाउँपालिकामा २९ ओटा वन उपभोक्ता समिति गठन र परिचालन भइरहेका छन् । गाउँपालिकामा अग्लेश्वरी, फलामपोखरी, कालीदेवी, पान्धारा, छोटेघट्ट, पशुपति गणेश, हरिसिद्धिका, बिहानी दोभान, चरदेति तगूड, लालीगुराँस, सुनापती सर्पझाङ, हात्तीढुङ्गा, सुनापती महादेव, गणेशस्थन, सेविडाँडा, भारसिंह सेतीदेवी, फलाटघारी, लहरेमाने सुनापती, रानीभलायोखाद, जल्केनी, ध्यामताङ तकवानी, जोगीमारा, सुनकोशी शिकारी, सुनापती सल्लेरी, पातल चनौटे, महाकाली, सिठिनी दारेगौंडा, भूमेस्थान चुच्चेढुङ्गा र बासीगीता गरी २९ ओटा वनउपभोक्त समितिहरु रहेका छन् ।

२.६ जडीबुटी

सुनापती गाउँपालिको भू-भाग समुद्री सतहबाट ६०० देखि २३ सय मिटरको उचाइसम्म रहेको छ । यहाँ अमला, घोडताप्रे, टिम्मुर, चिराइतो, कुरिलो झ्याउ, लालीगुरास, वेल चुत्रो पानीअमला, कटुज, तितेपाती, सुनाखरी, मलागेडी गाउँपालिकाभित्र प्राप्त गर्न सकिन्छ । गाउँपालिकाको १२०० मिटरभन्दा माथिको उचाईमा विभिन्न प्रजातिका जडीबुटी पाउन सकिन्छ । यसैगरी मौसम विभागको तथ्याङकअनुसार यसको वार्षिक औसत तातक्रम १७.४ डिग्री सेल्सियस र औसत वर्ष १३१५ मिलिलिटर रहेको छ । यस किसिमको हावापानीमा हुनसक्ने थुप्रै जडीबुडीको पहिचान गरी उत्पादन गर्न सकिने अवस्था छ ।

२.७ माटोको अवस्था

सुनापती गाउँपालिकाको माटो विभिन्न किसिमका अन्न तथा फलफूल उत्पादनका दृष्टिकोणले रामै मान्न सकिन्छ । धान, गहुँ, मकै, कोदो, फापरलगायतका अन्नबालीका साथै सुन्तला, जुनार, स्याउ, नासपाती, अनार, हलुवावेद, आँपलगायतका विभिन्न किसिमका फलफूल उत्पादन गर्न सकिन्छ । यसका साथै सुनापतीको माथिल्लो भेगमा चियाखेती गर्न सकिन्छ । फिक्कलस्थित चिया अनुसन्धान प्रयोगशालाले गाउँपालिकाको माटोको अवस्था तल उल्लेख गरेबमोजिम रहेको छ ।

क.सं.	नमुना	पीएच		अर्गानिक		कैफियत
		तल्लो माटो	माथ्लो माटो	तल्लो माटो	माथ्लो माटो	
१	वडा नं. १ गुन्सी					
२	वडा नं. २ दिमीपोखरी	४.६	५.३	४.४	२.८	
३	वडा नं. ३ हिलेदेवी	४.७	५.३	३.९	४.१	
४	वडा नं. ४ बेथान	४.९	६.२	३.९	३.६	
५	वडा नं. ५ खनियापानी	४.३	५.८	४.२	३.९	

२.८ भौतिक पूर्वाधार

गाउँपालिकाभित्र भौतिक पूर्वाधार निर्माणको कामले विस्तारै गति लिएको छ । परम्परागत रुपमा निर्माण भएको निजी आवास २०७२ वैशाख १२ मा गएको विनाशकारी भुकम्पछि मापदण्डअनुसार निर्माण भएको छ । गाउँपालिकाभित्र उद्योग धन्दा सञ्चालनमा छैनन् । केही साझा मझौला खालका साना उद्योग सञ्चालनमा छन् । सडक, खेलकुद मैदान, विद्यालयका भवन, स्वास्थ्य चौकीनै गाउँपालिकाको भौतिक पूर्वाधार निर्माण अन्तर्गत रहेका छन् ।

२.९ सडक

गाउँपालिकाको सबै क्षेत्रमा सडकको पहुँच पुगेको छ । गाउँपालिकाबाट जिल्ला सदरमुकाम मन्थली, राजधानी काठमाडौंसम्म सडक सञ्जाल विस्तार भएको छ । गाउँपालिकाका सबै वडाका टोलटोलसम्म कच्ची सडक पुगेको छ । गाउँपालिकाको केन्द्र हिलेदेवीबाट सबै वडासम्म सडक पुगेका छ अर्थात सबै वडाबाट सवारी साधनको प्रयोग गरी गाउँपालिकाको कार्यालयसम्म पुग्न सकिन्छ । सादीडाँडाबाट मुख्य नाका गाल्वासम्म ९ किलोमिटर, सादीडाँडा—लुभुबजार २४ किलोमिटर, साँडीडाँडा'सक्षम चौतारो'मानपुर'आलामपुर १३ किलोमिटर, सादीडाँडा'खानीखोला' शतलिङगेश्वर'गुन्सी १५ किलोमिटर, साँदीडाँडा'पानीघाट'भ्वाँसा ९ किलोमिटर र सादीडाँडा'भ्वाँसा' देसारगाउँ २० किलोमिटर दुरी रहेको छ ।

गाउँपालिकाका ५१.०९ प्रतिशत जनताले १ देखि ५ किलोमिटर मात्रै यात्रा गर्दा पुग्न गाउँपालिका कार्यालयमा पुग्न सक्छन् । त्यसैगरी ३५ प्रतिशतले ६ देखि १० किलोमिटर यात्रा गर्नुपर्छ भने ७.३१ प्रतिशतले ११ देखि १५ किलोमिटर, ०.९१ पतिशतले १६ देखि २० किलोमिटर र ४.७६ प्रतिशतले २१ किलोमिटरभन्दा बढी दूरी यात्रा गर्नुपर्छ ।

दुरी	वडा नं. १	वडा नं. २	वडा नं. ३	वडा नं. ४	वडा नं. ५	जम्मा	प्रतिशत
१देखि ५ किमी	७८	८६	७६०	१२७२	२१०	२४०६	५१.०९%
६ देखि १० किमी	५२७	७२०	९१		३५४	१६९२	३५.३१%
११-१५ किमी	१०१	३	४	१	३५३	३४४	७.३१%
१६-२० किमी	४	३०				९	०.९१%
२१ किमी					२२४	२२४	४.७६%
जम्मा	७१०	८३९	८५५	१२७३	१०३२	४७०९	१००.००%

२.१० राजमार्ग सञ्जालमा गाउँपालिका

गाउँपालिकाभित्र ग्रामिण सडकको सञ्जालसँगै राष्ट्रिय राजमार्गको सञ्जालसँग पनि जोडिएको छ । निर्माणाधीन मध्यपहाडी लोकमार्गले गाउँपालिकाको वडा नम्बर १, ४ र ५लाई छोएको छ । गाउँपालिकाको वडा नं. ५ खनियापानीको लुभघाटदेखि गुन्सीको सिमपानीसम्म करिब २५ किलोमिटर मध्य पहाडी लोकमार्गको सञ्जालमा जोडिएको छ ।

२.११ बिजुलीमा पहुँच:

गाउँपालिकामा रहेका पाँचओटै वडाका लगभग सबै क्षेत्रमा विद्युतीकरण भइसकेको छ । गाउँपालिकाका ९६.४५ प्रतिशतले उज्यालोका लागि बिजुली प्रयोग गरिरहेका छन् । करीब २.३६ प्रतिशतले मात्रै मट्टिलेलबाट बत्ती बालिरहेका छन् भने १.१९ प्रतिशतले सोलार वा अन्य स्रोतको प्रयोग गरिरहेका छन् । सबै क्षेत्रमा केन्द्रीय प्रशारण लाइनअन्तर्गत बिजुली पुगेको हो । यसका साथै गाउँपालिकाको वडा नं. २ मा लघु जलविद्युत उत्पादन भएको भएका छन् भने स्थानीय लघु जलविद्युतलाई केन्द्रीय प्रसारणमा जडान गर्ने काम अगाडि बढेको छ ।

विद्युतको स्रोत	वडा नं. १	वडा नं. २	वडा नं. ३	वडा नं. ४	वडा नं. ५	जम्मा	प्रतिशत
बिजुली	६९८	७७९	८०९	१,२६८	९८८	४,५४२	९६.४५%
सोलार	०	६०	२	५	४४	१११	२.३६%
अन्य	१२		४४			५६	१.१९%
जम्मा	७१०	८३९	८५५	१,२७३	१,०२३	४,७०९	१००.००%

२.१२ पर्यटकीय अवस्था

गाउँपालिकामा केही धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्व बोकेका स्थलहरुदेखि सुन्दर प्राकृत्तिक स्थलहरु छन् । सुनापती डाँडामाहिन्दू धर्मावलम्वीहरुको लागि प्रसिद्ध महादेवको मन्दिर छ भने सांस्कृतिक महत्व बोकेको बौद्धधर्मावलम्बीहरुको सांस्कृतिक माने पनि छ । यहाँको १०८ लहरे माने र अग्लेश्वर महादेव गाउँपालिकाको प्रसिद्ध धार्मिक'सांस्कृतिक स्थलहरु हुन् जुन आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षक हुनसक्छन् ।

सुनापती महादेव, अग्लेश्वरी महादेव, पाल्ङ्ग्युरछोइफेल गुम्बा, टासी दारग्यालिङ्ग गुबा, लहरेमाने गुम्बा, डोक्मा गुम्बा, उर्गोनछ्योइलिङ्ग गुम्बा, सतलिङ्गेश्वर महादेव, चण्डि मन्दिर, अर्चलेचौरी छोर्नेन तितुङ्ग टाल, कृष्ण मन्दिर, भूमिस्थान भिरकोट नासी स्यावलिङ्ग, हात्तीछाँगा महादेवथान, चाम डाँडा, आलमपुर, भीमसेनथान, सेराप्लिङ्ग गुम्बा, आलम पोखरी, आलामपुर भगवती गुठी, स्यार गुम्बा, महाकाली मन्दिर गैराटी, सेदीडाँडठा दहवारी, डुपकानीङ्गछ्योलिङ्ग गुम्बा, कृष्ण वणेश्वर महादेवथान, लाखपति गुम्बा लगायतका प्राकृतिक धार्मिक ऐतिहासिक पुरातात्कि सम्पदाको संरक्षण र प्रर्बद्धन गरेर पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिन्छ ।

त्यसैगरी गाउँपालिकाको वडा नम्बर १ गुन्सीमा रहेको शतलिङ्गेश्वर कुशेश्वर महादेव, महाकाली मन्दिर, पोखरीको छोर्तेन, धारापानीको शिव मन्दिर, चण्डिमन्दिर आदि पनि यहाँका धार्मिक सांस्कृतिक महत्व बोकेका ठाउँहरु हुन् । त्यस्तै वडा नम्बर २ दिमीपोखरीको मानपुरमा रहेको कृष्णवर्णेश्वर महादेव,आलामपुर भिमसेनस्थान, दिमीपोखरीको कानिङ छोलिङ गुम्बा, आलामपुरको भगवती मन्दिर, वडा नम्बर ३ हिलेदेवीमा रहेको उर्गेन छेयोलिन गुम्बा, लहरे माने,लखपती डाँडाको

छोर्तेन, सुनापती सर्वझाङ धर्मद्धार (फुटेको ढुंगा), सुनाती महादेव, डोक्माको गुम्बा, कालिकादेवी मन्दिर, शेपरलिङ गुम्बा, हिलेदेवी मन्दिर, वडा नम्बर ४ बेथानअन्तर्गत डहु गुम्बा, सेतीदेवी मन्दिर, कृष्ण प्रणाली मन्दिर, महादेव मन्दिर, भ्वाँसा गुम्बा र वडा नम्बर ५ खनियापानीअन्तर्गत भिरकोकोट भुमिस्थान, रुपाकोटको देवीस्थान, हात्ती खोला महादेवस्थान, हात्ती छाङ्गा, देसारगाउँको सेतीदेवी, कालिदेवी मन्दिर आदि गाउँपालिकामा रहेका धार्मिक'सांस्कृतिक र पर्यटकीय केन्द्रहरु हुन् ।

त्यसैगरी गाउँपालिकाको प्रमुख पर्यटकीयस्थलको रुपमा रहेको सुनापती डाँडामा दृष्यावलोकनको लागि भ्यु टावर निर्माण कार्य अगाडि बढेको छ । हिलेदेवी र खनियापानी दुवैतर्फबाट डाँडासम्म सडक सञ्जाल बिस्तार भइसकेको छ । त्यसैगरी सुनापती डाडाँसम्म पुग्नको गाउँपालिकाको केन्द्र साँदीडाँडा र बेथानबाट डाडाँसम्म पुग्नको लागि सिढी निर्माणको चरणमा छ । भौतिक पूर्वाधार निर्माण अन्तर्गत मन्दिर निर्माण, भ्यु टावर निर्माण, पिकनिक स्पोटको निर्माणको काम, पर्यटकहरुलाई विश्राम गर्ने स्थल सुनापती डाँडामा निर्माण भएको छ । सुनकोसी नदीमा ¥याफटिङ पर्यटकीयस्थलको रुपमा सरकारले एकसय गन्तव्यभित्र समावेश गरेको छ । सुनकोसी नदी आसपासको क्षेत्रमा पनि पर्यटकलाई लक्षित गरेर पूर्वाधार निर्माणको काम आगाडि बढेको छ । पर्यटकीय क्षेत्रको रुपमा रहेको आलामपुरमा सडक सञ्जाल जोडिएको छ । पर्यटकीय गन्तव्य अग्लेश्वरमा भौतिक पूर्वाधार निर्माणको काम अन्तर्गत सिढी निर्माणको काम भएको छ । भौतिक पूर्वाधार निर्माणको पखाईमा पर्यटकीयस्थलहरु रहेका छन् । साथै गाउँपालिकाभित्र महत्वपूर्ण गुफाको रुपमा सुनापती डाँडामा रहेको पाप धर्म गुफा, आलामपुरमा भिमसेनस्थानसँग रहेको पाप धर्म, बेथानमा रहेको बनझाँक्री गुफाहरु पनि पर्यटनका दृष्टिले विकास गर्न सकिने पूर्वाधारहरु हुन्।

२.१३ स्थानीय चाडपर्व तथा जात्रा र मेलाः

गाउँपालिकाभित्र विशेषगरी बौद्ध, र हिन्दु धर्मालम्बीहरुको बसोबास रहेको छ । गाउँपालिकाभित्र, दशै तिहार, लोसार, पित्रा नाँच नै मुख्य चाडपर्व हुन् । माझी जातिहरुको पित्रा नाच, तामाङ समुदायको राप्ने मौलिक संस्कृतिको रुपमा रहेको छ । महिलाहरुको पर्व हरितालिका तिज, जनैपूर्णिमा, ठूलो एकादशी, औशीमा गाउँपालिभित्र रहेका धार्मिकस्थलहरुमा मेला लाग्ने गर्छ ।

२.१४ खानेपानीको सोत

गाउँपालिकाका अधिकांश मानिसहरुले पाइप धाराबाट खानेपानी उपयोग गरिरहेका छन् । यसरी पाइपधाराबाट पानी उपभोग गर्नेको संख्या ८९.६६ प्रतिशत छ । त्यसैगरी कुवाको प्रयोग गर्ने संख्या ३.०८ प्रतिशत छ भने ७.२६ प्रतिशतले खानेपानीको अन्य स्रोतहरुको प्रयोग गर्दै आइरहेका छन् ।

२.१५ घरको प्रकृत्ति

२०७२ सालमा आएको भुकम्पका कारण सुनापती गाउँपालिका अन्तर्गतका अधिकांश घरहरु भत्किए । पुननिर्माणसँगै गाउँपालिकाका अधिकांश घरहरु अर्धपक्की प्रकृतिका निर्माण भएका छन्। गाउँपालिकाका ८१.५५ प्रतिशत घर अर्धपक्की छन्भने १७.८६ प्रतिशत कच्ची घर छन् । ०.४९ प्रतिशत घरहरुमात्रै पक्की छन् । करीब ०.११ प्रतिशत घरबिहीन अवस्थामा छन् ।

२.१६ घरको छानाको प्रकृत्ति

गाउँपालिकाका अधिकांश घरहरु जस्तापाताले छाइएको छ । ९३.८४ प्रतिशत घरको छानो छाउन जस्तापाता प्रयोग गरिएको छ । त्यसैगरी १.९४ प्रतिशत घरको छानो जस्तापाताले छाइएको छ । ४.११ प्रतिशत घरको छानो ढुङ्गा, टायल आदिले छाइएको छ ।

२.१७चर्पीको प्रयोग

सुनापती गाउँपालिकाको लगभग सबैजसो घरमा चर्पी निर्माण गरिएको छ भने ती चर्पीहरु प्रयोगमा पनि रहेका छन् । सर्वेक्षणबाट प्राप्त तथ्याङ्कअनुसार ९९.८९ प्रतिशत घरमा चर्पी रहेको देखिएको छ ।

२.१८ इन्धनको प्रयोग

घरमा खाना पकाउन र अन्य प्रयोजनका लागि गाउँपालिकामा सबैभन्दा धेरै दाउराको नै प्रयोग हुँदै आइरहेको छ । सर्वेक्षणअनुसार ९७.८१ प्रतिशतले इन्धनको रुपमा दाउरा प्रयोग गर्छन् भने २.१९ प्रतिशतले ग्याँसको प्रयोग गर्दै आइरहेका छन् ।

२.१९ वैदेशिक रोजगारीमा गाउँपालिकाको जनशक्ति

सुनापती गाउँपालिकाकाका एकहजार भन्दा धेरै जनशक्ति रोजगारी तथा व्यवसायका शिलशिलामा देशबाहिर गएको छ । यो सर्वेक्षणका क्रममा गाउँपालिकाकाबाट १,०८७ जना विदेश गएको देखिन्छ । यसरी विदेश जाने जनसंख्यामध्ये सबैभन्दा धेरै वैदेशिक रोजगारीमा गएका छन् भने थोरै संख्या उच्च शिक्षा र व्यवसायका शिलशिलामा विदेश गएका छन् । यसरी विदेश जानेमा पुरुषको संख्या धेरै छ । ७८.१२ प्रतिशत पुरुष विदेश गएका छन् भने बाँकी २२.८८ प्रतिशत महिला विदेश गएका छन् ।

वैदेशिक रोजगारी, अध्ययन तथा व्यवसायिक शिलशिलामा सुनापती गाउँपालिकाका नागरिकहरु संसारका ३६ देशमा पुगेका छन् । विदेश जानेमा सबैभन्दा बढी ३०.८२ प्रतिशत मलेसियामा गएका छन् भने १३.७१ प्रतिशत दुवइ, ११.६८ जापान, ९.९४ कतार, ५.२४ दक्षिण कोरिया

पुगेका छन् भने अमेरिका, अष्ट्रेलिया, युरोपियन मुलुकका साथै इराक, अफगानिस्तानसम्म उनीहरु पुगेका छन्।

२.२० स्वास्थ्य सेवाको अवस्था

सुनापती गाउँपालिकामा पाँचओटै वडाहरुमा स्वास्थ्यचौकी छन्, जहाँबाट प्राथमिक उपचारको सुविधा उपलब्ध हुँदै आइरहेको छ । सुनापती गाउँपालिकामा गुन्सी स्वास्थ्य चौकी, गुन्सी स्वास्थ्य चौकी, दिमीपोखरी स्वास्थ्य चौकी, हिलेदेवी स्वास्थ्य चौकी, बेथान स्वास्थ्यचौकी, खनियापानी स्वास्थ्य चौकी र मानपुर सीएचयु गरी छओटा स्वास्थ्य संस्थाहरु सञ्चालनमा छन् । यी स्वास्थ्यसंस्थामा ५ जना स्वास्थ्य सहायक –एचए), ११ जना अ.हे.ब., १५ जना अ.न.मी., ७ जना कार्यालय सहायक र ७५ जना महिला स्वास्थ्य स्वयंसेवीका कार्यरत छन् । यहाँका स्वास्थ्य संस्थाहरुले सरकारले लागू गरेका स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, खोप अभियानहरु सञ्चालन गर्ने र आधारभूत तहको स्वास्थ्य उपचार गराउँदै आइरहेका छन । विशिष्ट र गम्भीर प्रकृत्तिको रोगहरुको उपचार यी स्वास्थ्य संस्थाहरुबाट उपलब्ध हुन सक्ने अवस्था छैन ।

क.सं.	स्वास्थ्य संस्था	कार्यरत कर्मचारी र महिला स्वास्थ्य स्वंयसेवीका					कैफियत
		एच.ए.	अ.हे.ब.	अ.न.मी.	कार्यालय सहायक	महिला स्वास्थ्य स्वयंसेवी	
१	गुन्सी स्वास्थ्य चौकी	१	२	३	२	१६	
२	दिमीपोखरी स्वास्थ्य चौकी	१	२	२	१	१४	
३	हिलेदेवी स्वास्थ्य चौकी	१	२	३	१	१०	
४	बेथान स्वास्थ्य चौकी	१	२	३	१	२१	
५	खनियापानी स्वास्थ्य चौकी	१	२	३	१	१४	
६	मानपुर सीएचयु	०	१	१	१	०	
	जम्मा	५	११	१५	७	७५	

२.२१ गाउँपालिकाको शिक्षाको अवस्था

सुनापती गाउँपालिकाभित्र जम्मा ४१ ओटा विद्यालय छन् । गाउँपालिकाको वडा नम्बर २ मा रहेको कृष्णवर्णेश्वर क्याम्पस र सुनापती शहीद बहुमुखी क्याम्पस सञ्चालनमा छन् । गाउँपालिकाको वडा नम्बर ४ बेथानमा दुई ओटा विद्यालयममा नियमित पढाईको साथसाथै सिटिइभिटीअन्तर्गत कुशेश्वर उच्च मावि बेथानमा बाली विज्ञान र डहु माविमा कम्युटर साइन्स विषय पठनपाठन हुँदै आएको छ । गाउँपालिकाभित्र सातओटा उच्चमावि रहेका छन् । शतलिङगेश्वर उच्च मावि गुन्सी, कृष्णपुरी उच्चमावि मानपुर, पशुपती उच्चमावि हिलेदेवी, कुशेश्वर उच्चमावि बेथान, डहु उच्चमावि डहु, कृष्णपुरी उच्चमावि रुपाकोट, बाल उच्चमावि भिरकोट रहेका छ । त्यसैगरी गाउँपालिकामा अन्य पाँचओटा मावि छन् ः मन्दर मावि, अग्श्वेरी मावि, जनजागृत मावि, कृष्ण मावि डोक्मा, जलदेवी मावि खनियापानी छन् । त्यसैगरी तीनओटा निमावि छन् ः सुनापती निमावि भ्वाँसा, बाल

निमावि भल्वाडी जनजागित निमावि । यसैगरी गाउँपालिकामा बीसओटा आधारभूत विद्यालय र चारओटा बाल विकास केन्द्र रहेका छन् ।

२.२२ सहकारी संस्थाहरु

गाउँपालिकाभित्र आर्थिक क्रियाकलापलाई बढवा दिने उद्देश्यले २८ ओटा सहकारी संस्थाहरु खुलेर सञ्चालनमा आएका छन् । यसरी सञ्चालनमा रहेका सहकारीहरुमध्ये सबैभन्दा बढी १३ ओटा बचत तथा ऋण सहकारी संस्थाहरु छन् भने १२ ओटा कृषि सहकारी संस्था र ३ ओटा बहुउद्देश्यीय सहकारी संस्था रहेका छन् । स्थानीय तहमा नै बचत तथा ऋण प्रदान गर्न यी संस्थाहरु सहयोगी सिद्ध भइरहसेका छन् भने कृषि सहकारी संस्थाका माध्यमबाट कृषकहरुले फाइदा लिइरहेका छन्।

क्र.सं.	सहकारीको प्रकार	सहकारी संस्थाको संख्या
१	बचत तथा ऋण सहकारी संस्था	१३
२	बहुउद्देश्यीय सहकारी संस्था	३
३	कृषि सहकारी संस्था	१२
जम्मा		२८

परिच्छेद - तीन
विपद् व्यवस्थापन योजना

३.१ गाउँपालिकामा विद्यमान प्रमुख प्रकोपहरु

सुनापति गाउँपालिकाको विद्यमान प्रमुख प्रकोपहरूमा पहिरो, नदी कटान, बाढी, महामारी, मानव वन्यजन्तु द्वन्द्व, आगलागी, भूकम्प, आदि पर्दछन्। गाउँपालिकाको विपद् जोखिम प्रोफाइल अनुसार पहिरो प्रकोपबाट यस क्षेत्रमा जनधनको सबैभन्दा बढी क्षति हुने गरेको छ। त्यसैगरी बाढी, मानव वन्यजन्तु द्वन्द्व, आगलागी, भूकम्प, कृषि बालीमा हुने रोग, पशुरोग, महामारी, जस्ता प्रकोपहरूबाट पनि हरेक वर्ष जनधनको क्षति हुने गरेको छ। २०७२ को महाभूकम्प र २०८१ मा आएको ठूलो बाढीका कारण यस क्षेत्र ज्यादै समस्याग्रस्त भएको देखिन्छ ।

३.२ विगतका विपद्को अवस्था विश्लेषण र जोखिमयुक्त क्षेत्र

सुनापति गाउँपालिकाको विपद्को अवस्था विश्लेषण गर्दा सबैभन्दा बढी क्षति पहिरोले गरेको छ, जसको पूनरावृत्ति पनि उच्च रहेको छ। २०८१ को पहिरो र बाढी, २०७२ को भूकम्प अनि बाँदर आतङ्क, वन डढेलोले यस गाँउपालिकामा वर्षेनी ठूलो क्षती गरेको देखिन्छ । मूलतः बाढी/कटानले घरजग्गामा क्षेती तथा तल्लो तटिय क्षेत्रमा क्षेति गर्ने, खेतियोग्य जमिन तथा सामुदायिक वनको जमिन कटान/पटान गर्ने गरेको र यसबाट अस्थायी वा स्थायी रूपमा वर्षेनी करिव ३५ जनसङ्ख्या विस्थापित हुने गरेका छन्। दीमीखोला, खानीखोला, चौंरीखोला, बेथान खोला र सुनकोशीको किनारमा रहेका वस्तीहरु २०८१ को ठूलो पानी, पहिरो, बाढी, नदी कटानको कारण जोखिम र बिस्तापित हुने अवस्थामा रहेकाछन् ।

त्यस बाहेक कोभिड-१९ को कारण ६ (वडा नं. २ मा २ जना, वडा नं. ४ मा ३ जना र वडा नं. ५ मा १ जनाको) जनाको मृत्यु भएको छ भने ३५० भन्दाबढि बिरामी परेको देखिन्छ । २०८२ सालसम्मपनि कोभिडको जोखिम कायम नै रहेको देखिन्छ ।

सुनापति गाउँपालिका क्षेत्रमा गत वर्षमा ८ पटक भन्दा बढी प्राकृतिक, गैर प्राकृतिक तथा जलवायु र गैरजलवायुजन्य साना र ठूला प्रकोप तथा विपद्का घटनाहरू घटेका छन्। सुनापति गाउँपालिकामा आवृत्ति र गम्भिरताको आधारमा अन्य प्रकोप तथा घटेका विपद्का घटनाहरुको तुलनामा पहिरो, बाढी, नदी कटानको असर तथा प्रभाव बढी देखिएको छ जसको कारणले जनधन, व्यक्तिगत सम्पत्ति र अन्नपात समेत क्षति हुने गरेको छ। यस्ता प्रकोप तथा विपद्बाट विपन्न वर्ग, समुदायको आर्थिक अवस्था थप कमजोर बन्ने गरेको छ। यसरी विपद्को चपेटामा पर्ने घरपरिवार तथा समुदायलाई उत्थानशील र अनुकुलित बनाउन आवश्यक छ।

३.३ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र

सुनापति गाउँपालिकाका विभिन्न वस्तिहरु, कृषि क्षेत्र र वन क्षेत्रहरू बाढी, नदी कटान र पहिरोको जोखिममा रहेका छन्। विश्वव्यापी महाव्याधी कोभिड-१९ को असर सबै वडामा रहेको र सबै वडामा यसको जोखिम अझै बाँकि रहेको देखिन्छ। हावाहुरी, असिनापानी, खडेरीबाट प्रायः सबै वडाहरूमा असर पर्न सक्छ। जङ्गली जनावर र छाडा पशुचौपायाबाट जनधनमा क्षति धेरै भइरहेको र आउँदा दिनमा समेत जोखिम हुने सम्भावना सबै वडाहरूमा बढी देखिन्छ। भूकम्पबाट हुन सक्ने क्षतिबाट भने सबै वडाहरू र जनसंख्या प्रभावित हुने अवस्था छ। यी प्रकोपहरूको वर्तमान प्रभाव क्षेत्र तथा सम्भावित जोखिमको नक्साङ्कन गर्ने कार्य *सम्पन्न भएको* छ।

जोखिमयुक्त क्षेत्रहरु

वडा ➡ प्रकोप ⬇	**१, गुन्सी**	**२, दीमीपोखरी**	**३, हिलेदेबी**	**४, बेथान**	**५, खनियापानी**
नदी/खोला कटानग्रस्थ क्षेत्र	खानीखोला र चौंरीखोलाको छेउका वस्तीहरुः ढोडेनी, पहरी (मिर्थली, गुल्सिङ, माझी वस्ती, हिर्केटार, तल्लोटोल (दरेटोल)	खानी खोला र दिमीखोलाको छेउका स्थानहरु, रायटोल, मैरे, आमबोट, आरामपुर, मानपुर	खानीखोलाको कारण केउरानी साउने, घिम्राङ	खानीखोला आसपासका सबै क्षेत्र	सुनकोशी नदीको किनारमा रहेका वस्तीहरु, लुभु, ठाडोखोला आसपासका स्थान
डुवानग्रस्थ स्थान	-	-	-	सिँदुरेटार, चियाडीटार, भञ्याङटार	लुभु
बाढीग्रस्थ क्षेत्र	कोलगैरा, मिर्थली, ढोडेनी, गुन्सी (माझीटोल), खोरियाभिर, छुरीडाँडा, ताभिजाम	खानी खोला र दिमीखोलाको छेउका स्थानहरु, रायटोल, मैरे, आमबोट, आरामपुर, मानपुर	खानीखोला आसपासका क्षेत्र, केउरानी साउने, घिम्राङ	सिँदुरेटार, चियाडीटार, भञ्याङटार, डुमडाँडा, खानीखोलाको छेउछाउ पूरै	सुनकोशी नदीको किनारमा रहेका वस्तीहरु, लुभु, ठाडोखोला आसपासका स्थान

वडा ➡ प्रकोप ⇓	१, गुन्सी	२, दीमीपोखरी	३, हिलेदेबी	४, बेथान	५, खनियापानी
सडक दुर्घटनाका हिसाबले अति सम्वेदनशील क्षेत्र	समग्र सडकहरु	समग्र सडकहरु	समग्र सडकहरु	समग्र सडकहरु	समग्र सडकहरु
जङ्गली जनावरको आतङ्क हुने क्षेत्र	समग्र वडा	समग्र वडा, आलमपुर, मानपुर, मन्दर, दीमी, मन्दर, मैरे	समग्र वडा	समग्र वडा, केउरानी, बेथानलेक, भ्वाँसा, माथिल्लो बेल्ट	समग्र वडा
भूकम्पग्रस्थ क्षेत्र	समग्र वडा	समग्र वडा	समग्र वडा	समग्र वडा	समग्र वडा
आगलागी जोखिम क्षेत्र	सा.व समग्र क्षेत्र, सिम्पानी, तल्लोटोल, ताभिजाम, तल्लो वस्ती	सा.व समग्र क्षेत्र	सा.व समग्र क्षेत्र	सुनापति, सल्यानी सा.व समग्र क्षेत्र, बेथान, केउरानी	सा.व सा.व समग्र क्षेत्र
पहिरोग्रस्त क्षेत्र	खानीखोला र चौंरीखोलाको छेउका वस्तीहरुः ढोडेनी, पहरी (मिर्थली, गुल्सिङ, माझी वस्ती, हिर्केटार, तल्लोटोल (दरेटोल)	खानी खोला र दिमीखोलाको छेउका स्थानहरु, रायटोल, मैरे, आमबोट, आरामपुर, मानपुर, पन्थटोल	खानीखोला आसपासका क्षेत्र, केउरानी साउने, घिम्राङ	केउरानी, मुन्चेटोल, चियाडीटार, अमलडाँडा (वडा कार्यालयको छेउ)	सुनकोशी नदीको किनारमा रहेका वस्तीहरु, लुभु, ठाडोखोला आसपासका स्थान, सिम्पानी (विद्यालय भवन)
अन्य क्षेत्र					

३.४ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण

सुनापति गाउँपालिकामा रहेका घरहरूको बनावट हेर्दा ६ रेक्टर स्केल म्याग्नेट्युडको भूकम्प गएमा कम्तिमा २३५ घरहरू बस्न नमिल्ने गरी भत्कन सक्ने सम्भावना आंकलन गरिएको छ। यस क्षेत्रमा बाढी, पहिरो, नदी कटानले विगत वर्षहरूमा धेरै क्षति गरेको छ।

यस क्षेत्रमा जलवायु परिवर्तनको प्रक्षेपण अनुसार भविष्यमा वर्षा हुने दिनहरू घट्ने तर कूल वर्षा ३ देखि ५ प्रतिशत सम्म बढ्न सक्ने आंकलन भएकोले भविष्यमा बाढी, कटान, पहिरोको जोखिम बढ्ने सम्भावना देखिन्छ। अब्यवस्थित बसोवास तथा कमजोर भौतिक संरचना निर्माणको क्रम बढ्दै गएकोले यसबाट जोखिम पनि बढ्न सक्ने देखिएको छ। तसर्थ, कम्तिमा पनि २३५ भन्दा बढी घरधुरी (करिव ७ सय जनसंख्या) लाई आपत्कालीन व्यवस्था गर्न सक्ने गरी विपद् पूर्वतयारी गर्न आवश्यक देखिन्छ।

विगतको हावाहुरीको प्रवृत्ति हेर्दा यसबाट २३ घरधुरी (करिब ६५ जनसंख्या) प्रभावित हुन सक्ने सम्भावना रहेको छ। । हावाहुरीको कारण आवश्यक कपडा र खानेकुराको अभाव भई बाह्य सहयोग चाहिने जनसङ्ख्या ३० अनुमान गरिएको छ।

सुख्खा/खडेरीले वर्षेनी अन्नबाली उत्पादनमा कमि आएको देखिन्छ। हिउँद याममा पानीको मूल र नदी सुक्दै गएको र बढ्दो तापक्रमको कारणले भविष्यमा यस क्षेत्रमा सुख्खा/खडेरीको अवस्था झन् जटिल हुन सक्नेछ। अनुमानित ३० जनसङ्ख्याका लागि खडेरीका कारण विपद् पूर्वतयारी गर्नु पर्ने हुन सक्दछ।

वन जङ्गल विनाशका कारण पर्याप्त खानेकुराको अभावमा जङ्गली जनावर वस्तीमा आउने क्रम बढेको र यसबाट अन्नबाली नोक्सानीका घटना बढिरहेको गुनासाहरू आउने गरेका छन्। भविष्यमा बाढी, सुख्खा/खडेरी, आगलागी, मिचाहा प्रजातीको वनस्पतीको प्रकोप आदिका कारण वनमा जनावरको लागि आवश्यक चरिचरन तथा वासस्थानको थप विनाश भई खेतिबाली र वस्तीमा जङ्गली जनावरहरू आउने क्रम अझ बढ्न सक्ने देखिन्छ। यसबाट मानव तथा वन्यजन्तुबीच द्वन्द्व बढ्दै जानसक्ने सम्भावना देखिएको छ। हरेक वर्ष खडेरी लगातार बढ्दै गएमा कतिपय वन्यजन्तुको सङ्ख्या घट्ने वा मासिन सक्ने सम्भावना समेत रहेको छ। संरक्षणका प्रयासहरूले मानव-वन्यजन्तु द्वन्द्व समाधान गर्न सकिने हुँदा यस तर्फ विशेष ध्यान दिन जरुरी देखिएको छ। मानव-वन्यजन्तु द्वन्द्वबाट वार्षिक ५ जना घाईते, हुनाका साथै रु ६ लाख बराबरको सम्पत्तिको क्षति हुन सक्ने सम्भावना देखिन्छ।

विकास तथा जीविकोपार्जनको लागि गरिने क्रियाकलापहरु जोखिम न्यूनीकरण गर्ने, उत्थानशील क्षमता अभिवृद्धि गर्ने र जलवायु परिवर्तनको असरको सामना गर्न अनुकूल हुनेगरी सञ्चालन गर्ने

व्यवस्था नमिलाएसम्म अन्य प्रकोपहरूबाट पनि सुनापति गाउँपालिकामा जोखिम बढ्ने सम्भावना देखिन्छ।

३.५ पूर्वसूचना प्रणालीको अवस्था

सुनापति गाउँपालिकामा बाढी, पहिरो, डढेलो लगायत प्रकोपको पूर्वसूचना प्रणाली स्थापना गरिएको छैन। स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको जिल्ला, प्रदेश तथा राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग सम्पर्क स्थापित गरी सूचना आदान प्रदान गर्ने गरिएको छ । तल्लो तटीय क्षेत्रमा बस्ने समुदायले माथिल्लो तटीय क्षेत्रमा बस्ने समुदायबाट नदी सतह गेज रिडरलाई सिधै सम्पर्क गरी सूचना प्राप्त गर्ने गरिएको छ।

परिच्छेद - चार

सुनापति गाउँपालिकाको विपद् जोखिम नियन्त्रण र न्यूनीकरण योजना

यस अध्यायमा पालिकाको जोखिम क्षेत्र, जोखिमको मुल्याङ्कन, न्यूनीकरणका उपायहरु र जिम्मेवार निकायको विवरणको बारेमा उल्लेख गरिएको छ ।

विपद् प्रकार	सम्भावित प्रभावित क्षेत्र	जोखिमको मूल्याङ्कन	पूर्वतयारी योजना	न्यूनीकरण उपायहरू	जिम्मेवार निकाय
पहिरो	खानीखोला र चौंरीखोलाको छेउका वस्तीहरुः ढोडेनी, पहरी (मिर्थली, गुल्सिङ, माझी वस्ती, हिर्केटार, तल्लोटोल (दरेटोल) वडा नं. २-खानी खोला र दिमीखोलाको छेउका स्थानहरु, रायटोल, मैंरे, आमबोट, आरामपुर, मानपुर, पन्थटोल वडा नं. ३- खानीखोला आसपासका क्षेत्र, केउरानी साउने, घिम्राङ वडा नं. ४- केउरानी, मुन्चेटोल, चियाडीटार, अमलडाँडा (वडा कार्यालयको छेउ) वडा नं. ५- सुनकोशी नदीको किनारमा रहेका वस्तीहरु, लुभु, ठाडोखोला आसपासका स्थान, सिम्पानी (विद्यालय भवन)	उच्च जोखिमः अत्यधिक वर्षा र कमजोर भू-संरचना भएका क्षेत्रहरूमा बारम्बार पहिरो हुने गर्दछ।	सचेतना अभियान, आकस्मिक उद्धार तालिम, पहिरो सम्भावित क्षेत्रको नक्साङ्कन।	पर्खाल निर्माण, नालाको सुधार, रुख रोपाइँ, जोखिमयुक्त बस्ती स्थानान्तरण।	गाउँ कार्यपालिका, वन,वातावरण तथा विपद् शाखा, वडा कार्यालयहरू।

विपद् प्रकार	सम्भावित प्रभावित क्षेत्र	जोखिमको मूल्याङ्कन	पूर्वतयारी योजना	न्यूनीकरण उपायहरू	जिम्मेवार निकाय
बाढी	वडा नं. १- कोलगैरा, मिर्थली, ढोडेनी, गुन्सी (माझीटोल), खोरियाभिर, छुरीडाँडा, ताभिजाम वडा नं.२- खानी खोला र दिमीखोलाको छेउका स्थानहरु, रायटोल, मैरे, आमबोट, आरामपुर, मानपुर वडा नं. ३- खानीखोला आसपासका क्षेत्र, केउरानी साउने, घिम्राङ वडा नं. ४- सिँदुरेटार, चियाडीटार, भञ्याङटार, डुमडाँडा, खानीखोलाको छेउछाउ पूरै वडा नं. ५- सुनकोशी नदीको किनारमा रहेका वस्तीहरु, लुभु, ठाडोखोला आसपासका स्थान	मध्यमदेखि उच्च जोखिमः खोला तथा नदी किनारका बस्तीहरूमा बाढीको सम्भावना उच्च।	बाढी पूर्व चेतावनी प्रणाली, सुरक्षित स्थान निर्धारण, सामुदायिक तयारी तालिम।	नदी किनार सुदृढीकरण, ढल निकास व्यवस्थापन, भू-उपयोग नियमन।	वन,वातावरण तथा विपद् शाखा, वडा कार्यालयहरू।
भूकम्प	समग्र पालिका	उच्च जोखिमः पुराना तथा असुरक्षित संरचनाहरूले जनधनको ठूलो क्षति पुऱ्याउने खतरा।	भूकम्पीय सुरक्षा तालिम, विद्यालय र कार्यालयमा अभ्यास, संरचना मूल्याङ्कन। नयाँ बनेका घरमा वस्न लगाउने	भूकम्प प्रतिरोधी भवन, भवन संहिता लागू, संरचना सुदृढीकरण।	गाउँपालिका प्रशासन, प्राविधिक शाखा, विद्यालयहरू।

विपद् प्रकार	सम्भावित प्रभावित क्षेत्र	जोखिमको मूल्याङ्कन	पूर्वतयारी योजना	न्यूनीकरण उपायहरू	जिम्मेवार निकाय
वन डढेलो	सा.व सबै	मध्यम जोखिमः सुक्खा मौसममा जङ्गलमा आगलागी हुने सम्भावना।	समुदायमा डढेलो नियन्त्रण तालिम, वन निगरानी समिति गठन, दमकल उपकरण खरिद	अग्नि रेखा निर्माण, नियन्त्रणात्मक आगो प्रयोग, आगो प्रतिरोधी प्रजातिको वृक्षारोपण।	वन उपभोक्ता समूह, वन,वातावरण तथा विपद् शाखा, वडा कार्यालयहरू।
चिसो/हिमपात	वडा नं. १, २ र ३ का माथिल्लो भेग	मध्यम जोखिमः उच्च हिमाली भेगमा चिसो र हिमपातबाट प्रभावित जनसंख्या।	स्वास्थ्य केन्द्र तयारी, न्यानो कपडा भण्डारण, समुदायमा सचेतना कार्यक्रम।	तापीय संरचना सुधार, चुलो र इन्धनको सुधार, मौसमको जानकारी प्रवाह।	स्वास्थ्य शाखा, सामाजिक विकास शाखा, वडा कार्यालय।
महामारी	समग्र पालिका	उच्च जोखिमः आवागमन तथा सञ्चार सीमित भएका क्षेत्रमा महामारी तीव्र गतिमा फैलिन सक्छ।	स्वास्थ्य उपकरण तयारी, क्वारेन्टाइन योजना, समुदायमा स्वास्थ्य शिक्षा।	स्थानीय अस्पताल सुदृढीकरण, स्वच्छता र सरसफाइ प्रवर्द्धन, नियमित स्वास्थ्य परीक्षण।	स्वास्थ्य संस्था, गाउँ कार्यपालिका, सामाजिक संस्था।
नदी तथा खोला कटान	खानीखोला, चौंरीखोला, दीमी खोला, बेथान खोला, सुनकोसी नदी किनार (सयौं रोपनी खेत कटान भएको)	मध्यमदेखि उच्च जोखिमः वर्षा याममा नदी र खोलाहरूको सतह बढ्दा बस्ती र खेतीयोग्य जमिन कटान हुने खतरा।	कटान सम्भावित क्षेत्रको पहिचान, समुदायलाई चेतना कार्यक्रम, सुरक्षित स्थानको व्यवस्था।	नदी तटबन्ध निर्माण, ग्याबियन पर्खाल, जैविक प्रविधिबाट कटान नियन्त्रण, स्थायी संरचना निर्माण।	वन,वातावरण तथा विपद् शाखा, वडा कार्यालय, प्राविधिक शाखा।

परिच्छेद - पाँच
पूर्वतयारी तथा प्रतिकार्य योजना

५.१ सामान्य पूर्वतयारी योजना

विपद्को स्थितिमा प्रतिकार्य गतिविधिहरू समयमै कार्यान्वयन गर्न संस्थागत क्षमता लेखाजोखा गरी सोको तयारी आवधिक रुपमा अद्यावधिक गर्न जरुरी हुन्छ। सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुमा विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने जोखिम न्यूनीकरण, पूर्वतयारी र विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशिन र औजार, सीप विकास, जनचेतना, कृत्रिम घटना अभ्यास जस्ता क्रियाकलापहरु समावेश गरिएका छन्। यस विपद् व्यवस्थापन योजना अद्यावधिक गर्नु पनि विपद् पूर्वतयारी कार्य नै हो। विपद् प्रतिकार्यका कार्यहरूलाई प्रभावकारी बनाउन विषयक्षेत्रगत रुपमा सामान्य पूर्वतयारीको कार्ययोजना देहाय बमोजिम हुने गरी तर्जुमा गरिएको छः

५.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

क्र.सं.	सामान्य पूर्वतयारीका कार्यहरु	समय	स्थान	परिमाण	मुख्य जिम्मेवार निकाय/संस्था
१.	विपद् व्यवस्थापन योजना अद्यावधिक गर्ने	प्रत्येक वर्ष असोज सम्म	गाउँपालिका	प्रत्येक आर्थिक वर्षमा	स्थानीय विपद् व्यवस्थापन समिति
२.	विपद्को क्षति, नोक्सानी मूल्याङ्कनको लागि सर्वेक्षण टोली गठन र पुनर्गठन गर्ने र आवश्यकता बमोजिम सर्वेक्षणका लागि सहायक टोलीहरू गठन गर्ने र तालिम आयोजना गर्ने	प्रत्येक वर्ष मनसुन शुरु हुनु पूर्व	गाउँपालिका र हरेक वडामा	गाउँपालिकामा एक र हरेक वडामा एक एक वटा	स्थानीय विपद् व्यवस्थापन समिति, वडा स्तरीय विपद् व्यवस्थापन समिति
३.	प्रारम्भिक द्रुत लेखाजोखा, क्षति लेखाजोखा गर्न विस्तृत घरधुरी सर्वेक्षण फाराम तयार गर्ने	प्रत्येक वर्ष कार्तिक सम्म	गाउँपालिका	३०० प्रति	सामाजिक विकास शाखा

क्र.सं.	सामान्य पूर्वतयारीका कार्यहरु	समय	स्थान	परिमाण	मुख्य जिम्मेवार निकाय/संस्था
४.	राहत वितरणका लागि सिफारिस फाराम लगायतका कागजात तयारी तथा अद्यावधिक गर्ने	प्रत्येक वर्ष मंसिर सम्म	गाउँपालिका	३०० प्रति	वातावरण तथा विपद् व्यवस्थापन शाखा
५.	प्रकोपको प्रकृति अनुसार खोज तथा उद्धारका लागि टोली गठन गर्ने	प्रत्येक वर्ष कार्तिक सम्म	वडा तहमा	हरेक वडामा एक	वातावरण तथा विपद् व्यवस्थापन शाखा,वडा कार्यालय, विषयक्षेत्र
६.	खोज तथा उद्धारका लागि गठित टोलीको निमित्त तालिम आयोजना गर्ने र परिचालन हुने प्रक्रिया निर्धारण गर्ने	प्रत्येक वर्ष पौष सम्म	वडा तहमा	हरेक वडामा एक	वातावरण तथा विपद् व्यवस्थापन शाखा, सूरक्षा निकाय, विषयक्षेत्र
७.	खोज तथा उद्धार सामग्रीहरू खरिद, भण्डारण, मर्मत र व्यवस्थापन गर्ने	निरन्तर	निरन्तर	हरेक वडामा कम्तिमा एक सेट	गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा
८.	खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू र एम्बुलेन्सहरूको सूची र सम्पर्क व्यक्तिको विवरण तयार गर्ने	निरन्तर	गाउँपालिका	२ वटा एम्वुलेन्स	वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्वास्थ शाखा
९.	बाढी/नदी कटान, पहिरो, भूकम्पबाट बच्न र बचाउन सुरक्षित स्थानको पहिचान गरी अध्यावधिक सूची तयार गर्ने	निरन्तर	वडा अनुसार	आवश्यकता अनुसार हरेक वडामा	वातावरण तथा विपद् व्यवस्थापन शाखा
१०.	आपत्कालीन अवस्थामा प्रयोग गर्ने स्थलहरूको सूची स्थानीय राजपत्रमा प्रकाशित गर्ने	तत्काल सुरु गरी निरन्तर	तोकिएको मापदण्ड अनुसार	प्रत्येक वडामा	वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय

क्र.सं.	सामान्य पूर्वतयारीका कार्यहरु	समय	स्थान	परिमाण	मुख्य जिम्मेवार निकाय/संस्था
११.	आपत्कालीन अवस्थामा आश्रय स्थलका रुपमा प्रयोग गर्ने स्थानको लागि चाहिने भौतिक पूर्वाधार र सेवाहरू निर्माण, बिस्तार गर्ने	तत्काल सुरु गरी निरन्तर	तोकिएको मापदण्ड अनुसार	प्रत्येक वडामा	पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र
१२.	प्रकोपबाट समुदायलाई बचाउन आपत्कालीन आश्रय भवनहरू निर्माण गर्ने	आवश्यक्ता अनुसार	हरेक वडामा जोखिममा रहेको समुदाय नजिक	५ वटा	पूर्वाधार विकास शाखा र सम्बन्धित वडा
१३.	बाढी/नदी कटान, पहिरो, हावाहुरी, भूकम्प, चट्याङ, आगलागी आदि प्रकोपहरूबाट समुदायमा पर्नसक्ने असर र सोबाट बच्ने उपायहरूका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने	निरन्त	गाउँपालिकामा सञ्चालित एफ.एम, पत्रपत्रिका, माईकिङ् आदि	प्रकोपको सम्भावित समय अगावै कम्तिमा २ पटक	वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय
१४.	मानिसको ज्यान लिनसक्ने जङ्गली जनावरहरू बस्तीमा प्रवेश गरेमा सम्बन्धित समुदायलाई शिघ्र सूचना दिने प्रणालीको विकास गर्ने	निरन्तर	वडास्तर वा सम्भव भएसम्म वस्तीस्तर	हरेक वडामा एक	वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, समुदाय, विषयक्षेत्र
१५.	खोज तथा उद्धारलाई प्रभावकारी बनाउन प्रकोपमा आधारित कृत्रिम घटना अभ्यास गर्ने/गराउने	प्रकोपको सम्भावित समय अगावै	गाउँपालिका तथा वडामा	प्रमुख प्रकोपको लागि वर्षमा कम्तिमा एक एक पटक	स्थानीय विपद् व्यवस्थापन समिति

५.१.२ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

क्र.सं.	सामान्य पूर्वतयारीका कार्यहरु	समय	स्थान	परिमाण	मुख्य जिम्मेवार निकाय/संस्था
१.	विपद्को अवस्थामा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य उद्योगहरू पहिचान गर्ने साथै सहयोग लिन सकिने कार्यालय, संस्थाहरूसँग समन्वय गर्ने	निरन्तर	गाउँपालिका	आवश्यकता अनुसार वर्षको १ वा २ पटक	कृषि शाखा, विषयक्षेत्र
२.	विपद्बाट प्रभावित हुनसक्ने जनसङ्ख्याको आधारमा खाद्य सामग्री (चामल, दाल, तेल, नुन आदि) भण्डारण गर्ने	प्रकोपको सम्भावित समय अगावै	पालिकास्तर	वर्षको २ पटक	कृषि शाखा, विषयक्षेत्र
३.	तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरू पहिचान गर्ने वा अनुवन्ध करार गर्ने	प्रकोपको सम्भावित समय अगावै	पालिकास्तर	कम्तिमा २ वटा ठूला पसल वा उद्योग	कृषि शाखा, वडा कार्यालय
४.	विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका/प्रक्रिया बारे विषयक्षेत्रका सदस्यहरू बीच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने	प्रकोपको सम्भावित समय अगावै	वडास्तर	मुख्य प्रकोपको सम्भावित समय भन्दा पहिले कम्तिमा १ पटक	कृषि शाखा, विषयक्षेत्र

५.१.३ स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नु पर्ने स्वास्थ्य तथा पोषण विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

क्र.सं.	सामान्य पूर्वतयारीका कार्यहरु	समय	स्थान	परिमाण	मुख्य जिम्मेवार निकाय/संस्था
१.	विपद् पश्चात तत्काल देखा पर्ने स्वास्थ्य समस्या समाधानका लागि चाहिने औषधीहरू भण्डारण गर्ने	हरेक महिना, औषधिको गुण अनुसार	पालिकास्तर	२००० जनाको लागि	स्वास्थ्य शाखा, विषयक्षेत्र
२.	द्रुत्त प्रतिकार्य टोली (Rapid Response Team-RRT) गठन	स्वास्थ्य क्षेत्रको	पालिकास्तर	वर्षमा १ पटक	स्वास्थ्य शाखा, विषयक्षेत्र

क्र.सं.	सामान्य पूर्वतयारीका कार्यहरु	समय	स्थान	परिमाण	मुख्य जिम्मेवार निकाय/संस्था
	गर्ने, क्षमता विकास र कार्यसूची तयार गर्ने	प्रोटोकल अनुसार			
३.	प्रतिकार्यका लागि आवश्यक दक्ष मानव संशाधनको सूची तयार/अद्यावधिक गर्ने	वडा संख्या र जनसंख्या अनुसार	पालिकास्तर	पालिकास्तरः २५ जना वडास्तरः ५ जना	स्वास्थ्य शाखा,
४.	स्वास्थ्य सम्बन्धी शिक्षण सामग्रीको व्यवस्था तथा स्वास्थ्य शिक्षाको लागि स्वास्थ्यकर्मीको व्यवस्था गर्ने	नियमित	वडास्तर	हरेक वडामा १ पटक	स्वास्थ्य शाखा, वडा कार्यालय, विषयक्षेत्र
५.	कोभिड-१९ महाव्याधी लगायत महामारी रोकथाम, नियन्त्रण र परीक्षण तथा उपचार सम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने	नियमित	जोखिम युक्त वस्तिहरुमा	वर्षमा कम्तिमा ३ पटक	स्वास्थ्य शाखा, विषयक्षेत्र

५.१.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नु पर्ने खानेपानी, सरसफाई र स्वच्छता विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

क्र.सं.	सामान्य पूर्वतयारीका कार्यहरु	समय	स्थान	परिमाण	मुख्य जिम्मेवार निकाय/संस्था
१.	विपद्को समयमा खानेपानी शुद्धिकरणको लागि आवश्यक पर्ने क्लोरीन, पियुष जस्ता औषधिको उचित भण्डारण गर्ने।	प्रकोपको सम्भावित समय अगावै	पालिकास्तर	वर्षमा कम्तिमा १ पटक	खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र
२.	सरसफाईका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरू उपयुक्त ठाउँमा भण्डारण गर्ने।	प्रकोपको सम्भावित समय अगावै	पालिकास्तर	वर्षमा कम्तिमा १ पटक	खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र
३.	खानेपानी ओसार्ने, जम्मा गर्ने र वितरण गर्ने साधनहरू मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने।	प्रकोपको सम्भावित समय अगावै	पालिकास्तर	वर्षमा कम्तिमा १ पटक	खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र

क्र.सं.	सामान्य पूर्वतयारीका कार्यहरु	समय	स्थान	परिमाण	मुख्य जिम्मेवार निकाय/संस्था
४.	आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको श्रोतहरू पहिचान र संरक्षण गर्ने	निरन्तर	वडा तथा समुदायस्तरमा	हरेक प्रभावित वडाहरु	खानेपानी तथा सरसफाई शाखा, पूर्वाधार विकास शाखा, वडा कार्यलय तथा स्थानीय समुदाय

५.१.५ आपत्कालीन आश्रय र गैर–खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नु पर्ने आपत्कालिन आश्रयस्थल र गैरखाद्य सामग्री विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

क्र.सं.	सामान्य पूर्वतयारीका कार्यहरु	समय	स्थान	परिमाण	मुख्य जिम्मेवार निकाय/संस्था
१.	विपद् प्रभावितहरूको लागि अस्थायी आश्रय वा बासको व्यवस्था गर्न आवश्यक सरसामान तथा औजारहरूको बन्दोबस्ती गर्ने।	प्रकोपको सम्भावित समय अगावै	सबै वडामा	वडाको कुल जनसंख्याको कम्तिमा २० प्रतिशत जनसंख्यालाई पुग्ने	शहरी विकास तथा भवन निर्माण कार्यालयको सहयोगमा पूर्वाधार विकास शाखा, ने.र.सो.
२.	सम्भावित आपत्कालीन अवस्था आईपरेमा तुरून्त खरिद गर्न सकिने गरी अनुबन्ध करार गर्ने।	आवश्यकता अनुसार	थोक विक्रेता/ खुद्रा विक्रेता/ सहकारी/ ठूला कृषक	१५० परिवारका लागि	गाउँपालिका, कृषि शाखा, ने.र.सो.
३.	अस्थायी आश्रय स्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको व्यवस्थापन र संरक्षण गर्ने।	निरन्तर	सबै वडामा	वडाको कुल जनसंख्याको कम्तिमा २० प्रतिशत जनसंख्यालाई पुग्ने	पूर्वाधार विकास शाखा र वडा कार्यालय
४.	गैर-खाद्य सामग्री सेटहरू भण्डारण गर्ने।	निरन्तर	पालिकास्तर, गोदाम घरहरु (Warehouse)	कम्तिमा ८० परिवारका लागि	गाउँपालिका, वडा कार्यायल ने.र.सो., विषयक्षेत्र

क्र.सं.	सामान्य पूर्वतयारीका कार्यहरु	समय	स्थान	परिमाण	मुख्य जिम्मेवार निकाय/संस्था
५.	विपद् प्रभावित स्थान वा खुल्ला क्षेत्रमा शिविर सञ्चालन गर्ने स्थानमा सवारी साधनको प्रवन्ध गर्ने।	आवश्यकता अनुसार	पालिकास्तर	आवश्यकता अनुसार	वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र
६.	अस्थायी आश्रय वा बास निर्माणको लागि टोली गठन गर्ने र दक्षता अभिबृद्धिका लागि कृत्रिम घटना अभ्यास गर्ने	मनसुन सुरुहुनु भन्दा अगाडी	वडास्तर	हरेक वडामा	वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, विषयक्षेत्र

५.१.६ संरक्षण तथा सूरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नुपर्ने संरक्षण तथा सूरक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

क्र. सं.	सामान्य पूर्वतयारीका कार्यहरु	समय	स्थान	परिमाण	मुख्य जिम्मेवार निकाय/संस्था
१.	महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षणका तरिकाहरू बारे जानकारी पुस्तिका तयार एवम् प्रकाशन गर्ने।	निरन्तर	पालिका स्तर	कम्तिमा ५०० प्रति	गाउँपालिका, महिला तथा बालबालिका शाखा
